श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

**<u>इजलास</u>**

माननीय अध्यक्ष श्री विनोद शर्मा

राजस्व सदस्य श्री राजेन्द्र पौडेल

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

फैसला

२०७७/०७८ सालको निर्णय नं.१४

पुनरावेदन नं. : ०७६-RB-०२३९

पुनरावेदन दर्ता मितिः २०७७।०३।३०

PALAKKAM KUZHIYIL HOUSE, VALIYAPA RAMBA PO KODUVALLY VIA KOZHIKODE PIN 673572, KERALA INDIA स्थायी ठेगाना भई हाल कारागार कार्यालय जगन्नाथदेवल काठमाण्डौमा थुनामा रहेका भारतिय राहदानी नं. L4888111 बाहक SAMSHID PALAKKAM KUZHIYIL.........................................१ पुनरावेदक

**विरूद्ध**

महानगरीय प्रहरी विमानस्थल सुरक्षा कार्यालय गौचरका प्र.ना.म.नि. श्री प्रेमचन्द समेतको प्रतिवेदनले नेपाल सरकार ......................................................................................१ प्रत्यर्थी

**<u>मुद्दाः सुन चोरी पैठारी</u>**

शुरु निर्णय गर्ने अधिकारी : श्री गजेन्द्रकुमार ठाकुर

शुरु निर्णय गर्ने कार्यालय :- त्रिभुवन विमानस्थल भन्सार कार्यालय

शुरु निर्णय मिति : २०७५/१२/११

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :विद्धान अधिवक्ता श्री भविश्वर पौडेल

प्रत्यर्थीको तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

त्रिभुवन विमान स्थल भन्सार, कार्यालयबाट भएको मिति २०७५/१२/११ को निर्णय उपर चित्त नबुझाई भन्सार ऐन, २०६४ को दफा ६२ तथा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गतको भई दर्ता हुन आएको प्रस्तुत पुनरावेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

**<u>संक्षिप्त तथ्य</u>** :

१. मिति २०७५।२।४ गतेका दिन करिव ९:३५ बजेको समयमा NEPAL AIRLINES को उडान नं.३२० बाट दुवइ हुँदै काठमाडौ आएका भारतिय राहदानी नं.L4888111 बाहक भारतिय नागरिक SAMSHID PALAKKAM KUZHIYIL लाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको अन्तराष्ट्रिय आगमन तर्फको मेनगेट प्रहरी चेकिङ एरियामा चेकजाँच गर्दा निजले कम्मरमा बाँधिएको कालो कपडा बेल्ट जस्तो बनाई सेतो प्लाष्टिकले बेरिएको २(दुई)वटा प्याकेट (१३१९ग्राम) जम्मा मूल्य रु६६,०४,०३५/- बराबरको अर्धठोस सुन पदार्थ फेला पारी पक्राउ गरिएकोले सो अर्धठोस बस्तु मैले नै ल्याएको हो भनी निजले स्वीकार समेत गरेको हुँदा भन्सार ऐन, २०६४ बमोजिम कारबाही गरिपाउँ भन्ने व्यहोराको प्र.ना.म.नि. प्रेमचन्द समेतको प्रहरी प्रतिवेदन, बरामदी मुचुल्का, बरामदी अर्धठोस सुन भनिएको बस्तु र मानिस SAMSHID PALAKKAM KUZHIYIL महानगरिय प्रहरी विमानस्थल सुरक्षा कार्यालय गौचरको च.नं.१७२४ मिति २०७५/०२/०४ को पत्रसाथ मिति २०७५/०२/०४ गते त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा दाखिला हुन आएको।
२. मिति २०७५/०२/०४ को उजुरी प्रतिवेदन, बरामदीत सुन र मानिस SAMSHID PALAKKAM KUZHIYIL सहित दाखिला हुन आएकोले भन्सार ऐन, २०६४ को दफा ४६ को उपदफा (३) बमोजिम कारबाहीको लागि मुद्दा दर्ता गर्ने र बयान तथा अन्य कानूनी कारबाही अगाडी बढाउने भनी मित २०७५/०२/०४ मा त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको आदेश ।
३. प्रतिवादी SAMSHID PALAKKAM KUZHIYIL ले यस कार्यालयमा दिएको बयानमा मिति २०७५/२/४ गतेका दिन अन्दाजी ९.३० बजेको समयमा NEPAL AIRLINES को उडान नं. ३२० बाट दुवई हुँदै काठमाडौ आउदा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको उडान तर्फको मेन गेट प्रहरी चेकिङ एरियामा प्रहरीले चेकजाँच गर्ने क्रममा मैले कम्मरमा बाँधिएको कालो कपडाको बेल्ट जस्तो बनाई सेतो प्लाष्टिकले बेरिएको दुईवटा प्याकेट भित्र अर्धठोस पदार्थको सुन देखियो भनेकाले मैले उहाँहरुलाई दिएको हो । सुन ल्याउन पाइदैन भनी उहाँहरुले सो बेल्टसहितको अर्धठोस सुन मसंगबाट बरामद गरेको हो । सो अर्धठोस सुन मलाई दुवइबाट जिसाद भन्ने मानिसले भारतबाट नेपाल आउने अहमद कबीरलाई दिनु भनी पठाएको हो उसले पठाउँदा सातसय ग्रामको सुन हो भनेको थियो । निजको पनि ठेगाना मलाई थाहा छैन, म उसलाई चिन्दिन, सुन मेरो होइन मलाई भा.रु.दश हजार दिन्छु भनेकाले लोभले बोकेर ल्याएको हो, सुनको भन्सारमा घोषणा गरेको छैन । सुनको गहना ५० ग्रामसम्म मात्र ल्याउन पाईने र सो भन्दा बढी ल्याउन नपाईने तथा काँचो सुन ल्याउन नपाईने भन्ने नेपालको कानुनी व्यवस्था सम्बन्धमा जानकारी थिएन भन्ने व्यहोराको बयान कागज ।
४. विदेशी यात्रुले आफ्नो साथमा पचास ग्रामसम्म सुनको गहना र सय ग्राम सम्म चाँदीका गहना ल्याउन पाउने तथा काँचो सुन पैठारीमा पुर्णत बन्देज लगाएकोमा प्रतिवादीले कम्बरमा

बाँधिएको कालो कपडाको बेल्ट जस्तो बनाई सेतो प्लाष्टिकले बेरिएको दुई वटा प्याकेट भित्र अर्धठोस पदार्थ १३१९ ग्राम सुन भन्सार घोषणा नगरी भन्सार नतिरी अबैध रुपमा लुकाइ छिपाई पैठारी गरी भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (१) को बर्खिलाप कसुर गरेकोले निजलाई पुर्पक्षको लागी थुनामा राख्ने भन्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालयको थुनछेक आदेश ।

५. बरामदी मुचुल्का, प्रतिवेदन, प्रतिवादीको बयान र प्रचलित कानूनी व्यवस्थाको बिश्लेषण गर्दा प्रतिवादी पैठारीमा पूर्ण बन्देज लगाएको परिमाणको सुन सहित भन्सार क्षेत्रमा पक्राउ परेको, प्रज्ञापनपत्र भरी भन्सार तिरेको वा घोषणा गरेको नदेखिएको, कम्बरमा बाँधीएको कालो कपडाको बेल्ट जस्तो बनाई सेतो प्लाष्टिकले बेरिएको दुईवटा प्याकेट भित्र अर्धठोस पदार्थ १३१९ ग्राम सुन ल्याएकोले अबैध रुपमा चोरी पैठारी गर्ने मनसाय रेहको प्रष्ट भएकोले प्रतिवादीबाट बरामद भएको सुन भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम चोरी पैठारी भएकोले भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१ग) बमोजिम बरामद भएको १३१९ ग्राम सुन जफत भई जफत भएको सुनको विगो रु.६६,०४,०३५/- प्रतिवादीलाई जरिवाना हुने र १ बर्ष सम्मको कैदको प्रतिमहिना रु.१,५२१/- ले हुन आउने जम्मा रु.१८,२५२/- हुनेमा निजले कैद भुक्तान गरेको जम्मा दश महिना दश दिन कैद हुने ठहरी बाँकी दुइ महिना कैद बापतको रु.३,०४२/- हुने ठहर्छ भन्ने समेत शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७५/१२/११ को निर्णय ।

६. म नेपाल घुम्न आउने अवस्थामा दुवईको जिसाद भन्ने व्यक्तीले भारतको कविर भन्ने मानिस तिमिलाई भेट्न आउछ उसलाई सामान लगिदेउ त्यस वापत तिमिलाई बाटा खर्च दिन्छु १० ग्राम सुन छ तिमिलाई केही समस्या पर्दैन भनी विश्वास दिलाएकालेले मैले उक्त सामान ल्याएको हो, मैले बाँधी आएको बेल्टमा के के सामान कति छ भन्ने कुराको जानकारी थिएन। १० ग्राम सुन भनी पठाएकोमा पक्राउ परेपछी चेक जाँचको क्रममा १३१९ ग्राम भएको जानकारी भएकोले तथ्यको भ्रममा परि गरेको काम कसुरजन्य हुँदैन उक्त कार्य चोरी पैठारी गर्ने मनसाय अन्तर्गत नपरी Innocent agent अन्तर्गतको भएकोले सुन जफत भएतापनि अनभिज्ञ भरियालाई विगो बराबर जरिवाना र कैद सजाय गर्नु फौज्दारी कानुनको सामान्य सिद्दान्त विपरित छ । मुलुकी अपराध संहिताको दफा ३ बमोजिम सामान्य कसुर भएको सत्य साँचो व्यहोरा खुलाई बयान गरेकोले कसुरको गंभिरता घटन गई १० महिना १० दिन कैद सजाय गरी विगो बमोजिम जरिवाना गरेको मिलेको छैन । सामान पठाउने जिसाद र सो सामान प्राप्त गरी नाफा कमाई विक्री वितरण गर्ने कविर भन्ने मानिसलाई खोजतलास गरी सजाय हुनु पर्ने, मलाई भन्सार ऐन, २०६४ को दफा ५७(१७) बमोजिम रु.५,०००/- सम्म जरिवाना हुनेमा १० महिना १० दिन कैद र विगो बराबर रु.६६,०४,०६५/-जरिवाना समेत हुने गरी भएको भन्सार कार्यालयको निर्णय बदर गरी

पाउँ भन्ने समेत पुनरावेदक SAMSHID PALAKKAM KUZHIYIL को यस न्यायाधिकरणमा परेको पुनरावेदनपत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७७।०८।२६ को यस न्यायधिकरणबाट भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री भविश्वर पौडेलले प्रतिवादीमा सुन चोरी पैठारी गर्ने मनसाय नरहेको, निज तथ्यको भ्रममा परेको, नेपालमा काँचो सुन ल्याउन प्रतिबन्धित रहेको एवं परिमाणात्मक बन्देज रहेको कुरामा अनभिज्ञ रही सामान्य भरियाको मात्र काम गरेको र यथार्थ विवरण खुलाई बयान गरेकोले कसुरको गम्भिरता घटाउने अबस्था रहदा रहदै वास्तविक कसुरदारलाई पक्राउ गरी कारबाही गर्नु पर्नेमा प्रतिवादीलाई विगो बमोजिम जरिवाना र कैद समेत गर्ने गरी भएको निर्णय फौजदारी कानूनको सिद्दान्त विपरित भएकोले भन्सार कार्यालयको मिति २०७५/१२/११ को निर्णय उल्टी गरी कसुरको अवस्था अनुसार सजाय हुनु पर्छ भनी बहस गर्नु भयो ।

९. प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौका विद्धान उपन्यायाधिवक्ता श्री दीपक भण्डारीले पुनरावेदकबाट कानूनले पैठारीमा पुर्णत बन्देज लगाएको परिमाणमा सुन बरामद भएको, प्रज्ञापनपत्र नभरेको, घोषणा नगरेको, कानून बमोजिमको हो भन्ने पुष्टी गर्न नसकेको हुँदा कानूनको अज्ञानता क्षम्य नहुने विधिशास्त्रिय मान्यता अनुरुप समेत शुरुको निर्णय कानून सम्मत हुँदा सदर कायम हुनुपर्छ भनी बहस प्रस्तुत गर्नु भयो ।

१०. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७५।१२।११ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. यसमा भारतिय राहदानी नं.**L4888111** का प्रतिवादी SAMSHID PALAKKAM KUZHIYIL ले मिति २०७५/२/४ मा Nepal Airlines को उडान नं.320 बाट दुवइ हुँदै काठमाडौ आउने क्रममा अवैध रुपमा १३१९ ग्राम सुन चोरी पैठारी गरी ल्याएको भन्ने कसुरमा भन्सार ऐन २०६४ को दफा ५७(१) को कसुरमा ऐ दफा ५७(१ग) बमोजिम सजायको मागदावी लिई अभियोगपत्र दायर भएको देखिन्छ ।

मिति २०७५/२/४/६ मा खडा भएको बरामदी मुचुल्का हेर्दा नेपाल वायुसेवा निगमको उडान नं.**RA320** बाट दुवईबाट काठमाडौ आएका भारतिय राहदानी नं. **L4888111** बाहक भारतिय नागरिक SAMSHID PALAKKAM KUZHIYIL ले कम्मरमा बाँधी ल्याएको

कालो कपडाको भित्र प्लाष्टिकले बेरी सुन जस्तो देखिने पँहेलो रंगको अर्धठोस पदार्थ भन्सार छली गरी लुकाई छिपाई लैजान लागेको अवस्थामा फेला पारिएको भन्ने देखिन्छ । उक्त बरामदी मुचुल्कामा निज प्रतिवादी SAMSHID PALAKKAM KUZHIYILले समेत रोहवरमा रहेको पाईन्छ ।

प्रतिवादीबाट बरामद भएको भौतिक चिजबस्तु परिक्षण नापतौल तथा मूल्यांकन गर्दा उल्लेखित अर्धठोस पदार्थ अवस्थामा रहेको सुनजस्तो देखिन आएको प्लाष्टिक सहितको तौल १३१९ ग्राम सुनको प्रतिग्राम ५००६/८५ का दरले जम्मा रु.६६,०४,०३५/- हुने देखिएको भन्ने त्रि.वि. भन्सार कार्यालयको मिति २०७५/२/४ को पत्र एवं दरकस व्यहोराबाट खुल्न आउँछ ।

प्रतिवादीले बयान गर्दा आफुबाट सुन बरामद भएकोमा सावित नै देखिन्छ । आफुले दुबईबाट काठमाडौ आउने क्रममा दुबईमा जिसाद भन्ने मानिसले दिई भारतबाट नेपालमा आउने अहमद कबिर भन्नेलाई दिनु भनि पठाएको, आफुलाई रु दश हजार रुपैया दिन्छु भनेकाले ल्याई दिएको हो, सुन आफ्नो होइन भन्ने समेत व्यहोरा लेखाएको देखिन्छ तर सुन दिई पठाउने भनिएका जिसाद र सुन लिन आउने भनिएका अहमद कबीर समेतको अरु थर ठेगाना मलाई थाहा छैन म उसलाई चिन्दिन समेत भनेको अबस्थामा बारदात दृष्यमा नदेखिएका थर ठेगाना थाहा नभएका अपरिचत मानिसले पठाएको भन्ने सम्म आधारले मात्र निजले कसुरबाट उन्मुक्ती पाउन सकिने अवस्था देखिन्न ।

यस स्थितिमा यि प्रतिवादीले भंसार ऐन, २०६४ को दफा ५७(१) बमोजिम अवैध रुपमा सुन चोरी पैठारी गरेको कसुर गरेको स्थापित हुन आएकोले उक्त कसुर वापतमा ऐ.ऐनको दफा ५७(१ग) (ग) बमोजिम अवैध रुपमा पैठारी गरिएको सुन जफत भई मालबस्तुको विगो बमोजिम रु.६६,०४,०३५/- जरिवाना तथा दश महिना दश दिन कैद हुने ठहऱ्याएको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०५७/१२/११/२ को फैसला सो हदसम्म मिलेकै देखिए तापनि फैसलाको ठहरखण्डमा पुनः बाँकी २ महिना कैद वापत रु.३,०४२/- हुने ठहर्छ भन्ने वाक्यांश मिलेको नदेखिंदा सो हदसम्म आंशिक बदर हुने ठहर्छ। अरुमा तपशिल बमोजिम गर्नू।

<u>तपसील</u>

माथी ठहर खण्डमा लेखिए बमोजिम त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०५७/१२/११/२ को निर्णयमा प्रतिवादी SAMSHID PALAKKAM KUZHIYIL लाई विगो बमोजिम रु.६६,०४,०३५/- जरिवाना तथा दश महिना दश दिन कैद हुने ठहर भएको मिलेकै देखिए तापनि बाँकी २ महिना कैद वापत रु.३,०४२/- हुने ठहर्छ भन्ने वाक्यांश मिलेको नदेखिँई सो हदसम्मको निर्णय आंशिक बदर हुने ठहरी फैसला भएकोले

सोही अनुसार गर्नु भनी फैसलाको प्रतिलिपि साथै राखी शुरु मिसिल त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा फिर्ता पठाईदिनू................................................................१
फैसलाको प्रतिलिपी साथै राखि बिशेष सरकारी वकिलको कार्यालयलाई जानकारी दिनू----१
सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू-------२
प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू------------------------------------------------३

विनोद शर्मा
(अध्यक्ष)

उक्त रायमा हामी सहमत छौं ।

पुष्पप्रसाद गुरागाईं
(लेखा सदस्य)

श्री राजेन्द्र पौडेल
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः-
विश्वराज कुइकेल(शाखा अधिकृत)
इति सम्वत् २०७७ साल पौष महिना १२ गते रोज ५ शुभम् ..........................